Rupantaran: A Multidisciplinary Journal
Vol. 9: Additional Issue, PP 33-45, Dec, 2025
ISSN (Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
DOI: https://doi.org/10.3126/rupantaran.v9i01.89351
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# 'एउटा बूढो बकैनाको रूख' कथामा प्रयुक्त प्रजाति र पर्यावरण

ईश्वरा पौडेल[1]
Email:*ishwaraojha@gmail.com*

**सार**

प्रस्तुत लेखमा 'एउटा बूढो बकैनाको रूख' कथामा प्रयुक्त प्रजाति र पर्यावरणको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस क्रममा फ्रान्सेली साहित्यिक चिन्तक हिप्पोलाइट अडोल्फ तेनको प्रजाति र पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यतालाई प्रयोग गरी त्यही कोणबाट विवेच्य कथाको प्रजाति र पर्यावरणगत परीक्षण गरिएको छ । मूलतः पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको यस लेखमा सामग्री विश्लेषणका लागि पाठमा आधारित व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । जाति र पर्यावरणका आधारमा रमेश विकलको 'एउटा बूढो बकैनाको रूख' कथाको विश्लेषण गर्दा राष्ट्रियताका लागि मरिमेट्ने नेपाली महाजाति, विभिन्न पेसा र संस्कार भएको नेपाली सांस्कृतिक प्रजाति, तत्कालीन अवस्थाको भयप्रद वातावरण र निरङ्कुश तथा प्रजातन्त्रविरोधी आततायी शासन भएको युगीन सन्दर्भ कथामा प्रस्तुत भएकाले यस कथामा प्रजातिका रूपमा देशका लागि बलिदान हुने महान् जाति नेपाली र पर्यावरणका रूपमा नेपालको काठमाडौं र निरङ्कुश राणाशासनको अवस्थालाई चित्रण गरिएको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी : प्रजाति, पर्यावरण, बलिदान, निरङ्कुश र चेतना*

## विषयपरिचय

'एउटा बूढो बकैनाको रूख' कथा रमेश विकल (रामेश्वर शर्मा चालिसे, १९८५-२०६५) द्वारा रचना गरिएको हो । रमेश विकल नेपाली साहित्य फाँटका यथार्थवादी कथाकार हुन् । विकलले नेपाली साहित्यका कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध, बालसाहित्य, संस्मरण आदि विविध विधामा संख्यात्मक र गुणात्मक दुवै हिसावले कलम चलाएका छन् तापनि उनको मूल साधना र उपलब्धिको क्षेत्र आख्यान रहेको छ । उनका हालसम्म *बिरानो देशमा* (२०१६), *नयाँ सडकको गीत (२०१९), आज*

[1] लेखक त्रिभुवन विश्वविद्यालय, डिग्री क्याम्पस, विराटनगरमा नेपाली विषयको उप प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । Orchid ID : 009-004-3592-9888

*फेरि अर्को तन्ना फेरिन्छ (२०२४), एउटा बूढो भ्वाइलिन : आशावरीको धूनमा (२०२५), उर्मिला भाउजू (२०४३), शव शालिक र सहस्र बुद्ध (२०४३), हराएका कथाहरू (२०५५) कथासङ्ग्रहका साथै तेह्र रमाइला कथा, एक्काइस रमाइला कथा, हिउँदे छुट्टी* आदि बाल कथासङ्ग्रहहरू प्रकाशित छन् । आफ्ना कथामा नेपाली समाजमा रहेका विषमता, परिवर्तनकारी नेपालीमा रहेको क्रान्तिभाव, मानसिक उहापोह, नेपालको सामाजिक राजनैतिक अवस्थाको चिरफार गर्ने विकल नेपाली कथा परम्परामा सामाजिक यथार्थवादी एवं मनोवैज्ञानिक धारालाई सशक्त तुल्याउने र समाजवादी यथार्थवादी धारालाई अगाडि बढाउने प्रगतिवादी कथाकार मानिन्छन् । 'एउटा बूढो बकैनाको रूख' कथा नेपालको ऐतिहासिक विषयमा आधारित भएको कथा हो । वि.सं. १९९७ सालमा घटेको सहिद काण्डको बीभत्स घटनालाई बालपात्रका माध्यमबाट संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको यस कथामा तत्कालीन समाजको परिघटनाका साक्ष्यमा नेपाली जाति र तिनको स्वतन्ताप्रतिको अनुरागको जीवन्त चित्रण भएको छ । विकलका कथाका विषयमा विविध कोणबाट अध्ययन र अनुसन्धान भए पनि उनको 'एउटा बूढो बकैनाको रूख' कथालाई प्रजातिगत रूपमा अध्ययन नभएको हुनाले उक्त कथामा प्रयुक्त प्रजाति र पर्यावरणको विश्लेषण गरी निष्कर्ष निकाल्ने ध्येयले यो लेख तयार पारिएको छ । । यस क्रममा फ्रान्सेली साहित्यिक चिन्तक हिप्पोलाइट अडोल्फ तेनको प्रजाति र पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यतालाई प्रस्तुत गरी त्यही कोणबाट यस कथामा चित्रित प्रजाति र पर्यावरणगत परीक्षण गरिएको छ ।

## विधि र सामग्री

प्रस्तुत लेखका लागि सामग्री सङ्कलन मुख्यतः पुस्तकालयीय कार्यबाट गरिएको छ । पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गर्दा कथाको पाठलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने कथाको विश्लेषणका लागि प्रयुक्त सैद्धान्तिक आधारका लागि द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । विश्लेषणको आधार सामग्रीका रूपमा विवेच्य कथाको पाठ *एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा* (चौथो संस्करण, २०५९) शीर्षकको सङ्ग्रहबाट लिइएको छ । मूलतः पाठविश्लेषण विधिका आधारमा यहाँ कथाको सामग्री विश्लेषण गरिएको छ । यस क्रममा पाठबाट प्रजाति र पर्यावरण सङ्केत गर्ने उदाहरणका आधारमा कथामा रहेका प्रजातिगत अवस्था र पर्यावरणीय पक्षको विश्लेषण गरिएको छ । यस क्रममा देशका लागि बलिदान हुने महाजाति, नेपालभित्र बसोबास गर्ने नेपाली प्रजाति, तत्कालीन भयप्रद वातावरण र निरङ्कुश युगीन सन्दर्भको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

समाजसँग साहित्यको सम्बन्धको खोजी गर्ने र तिनको व्याख्या विश्लेषण गर्ने शास्त्र साहित्यको समाजशास्त्र हो । कला साहित्य, ज्ञानविज्ञान सबै मानवीय चिन्तनका उपज हुन् र मानवीय चिन्तनलाई अनुकूल र प्रतिकूलन पार्ने संस्था समाज हो । तसर्थ कला अथवा कुनै पनि वस्तुको सिर्जना समाज निरपेक्ष रहन सक्दैन । साहित्यले कल्पनत्मक तरिकाले समाजको चित्रण गर्छ । यसकारण कुनै समयमा समाजशास्त्री नभएका बेला साहित्यकारले नै समाजशास्त्रीको भूमिका खेलेको देखिन्छ । यसरी हेर्दा होमर र वाल्मीकिका कवितालाई केवल कविता मात्र नमानी समाजशास्त्रका नमुनाका रूपमा लिन सकिन्छ ( गौतम, २०५९, पृ. ३१) । साहित्यमा समाजको प्रतिविम्ब देखिन्छ किनभने समाजबाट कच्चा सामग्री लिएर साहित्यिक साँचोमा प्रशोधन गरी समाजलाई नै फिर्ता दिन्छ । समाजले त्यस साहित्य सिर्जना गरेका परिणति एवम् त्यसबाट विकास भएको समाज विकास प्रक्रियाका सम्पूर्ण शाखाहरूको समन्वय

गरी त्यसको अध्ययन अनुसन्धान समाजसित साहित्यको सम्बन्धको खोजी साहित्यको समाजशास्त्रले गर्दछ (क्षेत्री, २०६४, पृ. १५) । हिन्दी साहित्यका समालोचक डा. मेनेजर पाण्डेका अनुसार साहित्यिक रचना एक सामाजिक कर्म हो, कृति एक सामाजिक उत्पादन तर समाजसितको साहचर्य, समाज विकासमा मानिसको सम्बन्धले साहित्य एउटा कलात्मक सामाजिक संस्था हो । यसका चारैतिर परम्परा रीतिरिवाज संस्कृति, इतिहास व्यवहार पद्धति एकीकृत भएका हुन्छन् । यिनै साहित्यका विविध तत्वहरूको वैज्ञानिक अध्ययन गर्ने शास्त्र नै साहित्यको समाजशास्त्र हो । साहित्यको समाजशास्त्र समाज र लेखकका प्रतिभाको कदर गरी कृतिको विश्लेषण गर्ने समालोचना पद्धति हो । यसप्रकार साहित्य सिर्जना समाज निरपेक्ष रहेर हुन नसक्ने समाजका विभिन्न पक्षहरूलाई अन्तर्भूत गरेर साहित्य लेखिने भएकोले साहित्य र समाजको र यसको वैज्ञानिक अध्ययन गर्ने शास्त्र साहित्यको समाजशास्त्रबिच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

समाजशास्त्रीय समालोचनाको प्रारम्भ र विकास पश्चिमेली समालोचकहरूबाट नै भएको पाइन्छ । फ्रान्सेली समालोचक एवं साहित्यिक समाजशास्त्री हिप्पोलाइट एडल्फ तेनलाई साहित्यको समाजशास्त्रका प्रवर्तक मानिन्छ । तेनभन्दा पहिला इटालेली विधिशास्त्री विकोले भौगोलक आयामसित कृतिलाई जोड्ने कार्य गरेकोमा (गौतम, २०५९, पृ. ३६) विकोको सोही मान्यता फ्रान्सेली महिला विचारक मेडम डे स्डालले थप विकसित गर्दै साहित्यमा मानवका उदार भावना एवं हावापानीको प्रभाव पर्छ भन्ने कुरा उल्लेख गरेर साहित्यमा वातावरणको भूमिका बारेमा चर्चा गरेको देखिन्छ (क्षेत्री, २०६४, पृ. १७) । साहित्यमा समाजको धर्म नैतिकता, कानुनी व्यवस्था आदिको प्रभाव रहन्छ भन्ने मान्यताको सुरुवात गर्ने यिनैको विचारकबाट पश्चिममा समाजपरक समालोचनाको सूत्रपात हुन गएको र साहित्यको परिवेशअध्ययनमा जोड दिने हर्डरले यसलाई थप व्यवस्थित पारेको (गौतम, २०५९, पृ. ३६) भए पनि साहित्यको समाजशास्त्रीय चिन्तन परम्पराको व्यवस्थित र व्यापक सैद्धान्तिक प्रस्फुटन भने हिप्पोलाइट एडल्फ तेन (१८२८-१८९३) बाटै भएको मानिन्छ ।

तेनले समाज र साहित्यको सम्बन्धबारे व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन गरी साहित्यलाई समाजका बारेमा थाहा पाउने मूल स्रोत मानेका छन् । साहित्यिक कृतिलाई सामाजिक घटना मान्ने तेनले त्यस घटनाको उत्पत्तिको कारण खोजी गरेको हुनाले उनको मान्यता कार्यकारणमा आधारित रहेको छ (गेरार्ड, सन् १९३५, पृ. ३३) । उनी प्रजाति, क्षण र पर्यावरणका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्छन् तसर्थ उनी सामाजिक समालोचनाको प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता हुन् (त्रिपाठी, २०४९, पृ. १४९) । साहित्यको समाजशास्त्रीय चिन्तनको परम्पराको व्यवस्थित सुरूवात भने तेनको 'अङ्ग्रेजी साहित्यको इतिहास (१८६३)' कृतिमार्फत भएको हो (पाण्डेय, सन् १९८९, पृ. ११९) । तेनले अङ्ग्रेजी *साहित्यको इतिहास, कलाको दर्शन, इटालीका यात्रा* जस्ता पुस्तकमा साहित्यको समाजशास्त्रीय अवधारणा व्यक्त गरेका छन् । उनले साहित्यलाई समाजको दर्पणका रूपमा व्याख्या गर्दै प्रत्यक्षवादी विधेयवादी सिद्धान्तको स्थापना गरेको देखिन्छ । यस सिद्धान्तले सामाजिक पर्यावरणले व्यक्तिको व्यक्तित्व निर्माण गर्छ, कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार भित्र उसको सामाजिक पर्यावरण विद्यमान हुन्छ भन्ने कुरा प्रतिपादन गरेको छ । तेनले प्रतिपादन गरेका साहित्यको समाजशास्त्रीय विश्लेषणका तीन पर्याधारहरूमा क्षण, प्रजाति र पर्यावरण रहेका छन् ।

तेनका अनुसार प्रजाति र पर्यावरण यी तिनैको प्रभाव कृतिमा पर्ने हुँदा कृतिको मूल सम्बन्ध लेखकले भोगेको समाजसित हुन्छ । मेनेजर पाण्डेयको मतअनुसार साहित्यको समाजशास्त्रले कृतिको सामाजिक तत्वको विश्लेषण गर्दछ । साहित्यअन्तर्गत साहित्यकारले बाँचेको पर्यावरण र प्रजातिको प्रतिविम्ब पाइने र सफल र अनुमति साहित्यकारले पूर्णरूपमा समाजका प्रजाति क्षण र पर्यावरणको अभिव्यक्ति दिन सक्छ भन्ने तेनको मत छ (क्षेत्री, २०६४, पृ. १७) । तेनको प्रजाति र पर्यावरणसम्बन्धी छोटो परिचय तल दिइएको छ :

**प्रजाति**

समाजशास्त्रमा 'प्रजाति' शब्दले विभिन्न जातजाति तिनका प्रतिभा, स्वभाव, विशेषता एवम् शारीरिक संरचना भन्ने बुझिन्छ । तेनका मतमा साहित्य समाजका प्रजातिको आधार हो । 'प्रजाति' शब्दलाई तेनले समकालीन मानवशास्त्रबाट साहित्यमा प्रवेश गराएको मानिन्छ (गौतम, ,२०५९, पृ. ३७) । प्रजातिअन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक वनावट र शारीरिक संरचना आदि पर्दछन् (पाण्डेय, सन् २००६, पृ. १२४) । तेनले जातजातिका स्वभाव, प्रतिभा, विशेषता, एवम् शारीरिक संरचना, आवास, संस्कार वर्गीय, जातीय, क्षेत्रीय सङ्घर्षहरू, खानपान विधिव्यवहार, आवेश, उन्माद, आचरणका कुरा उठाउँदै लेखकमा उनका वंशको वंशानुगत लक्षण हुने कुरा बताएका छन् । वंशानुगत गुण भन्नाले एउटा प्रजातिमा अघिदेखि रहँदै आएको विशेषता भन्ने बुझिन्छ । प्रजातिका सामूहि विशेषताको निर्माण हुन सयौँ वर्ष लागेको हुन्छ (गेरार्ड, सन् १९३५, पृ. ३५) । यही वंशानुगत गुणका कारण प्राणी गोरा, काला, पहेँला र विभिन्न प्रकारका कपाल भएका हुन्छन् । तेन साहित्यिक कृति आकाशबाट अवतरित भएको नहुने हुनाले त्यो कृति कुनै समयका प्रजातिहरूको छायाँ र खोलजस्तो हुन्छ, यी कृति प्राचीन अवशेष सरह निर्जीव हुन्छन्, तिनैको अध्ययनबाट जीवित मानव अस्तिफ्वको अध्ययन गर्न सकिन्छ भन्ने मान्यता राख्छन् । तेनले प्रजातिलाई समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा लिएका छन् ।

कुनै प्रजाति विश्वमा फैलिँदै जाँदा पारम्परिक वंशज र पैतृक गुणहरू गुमाइसकेको अवस्थमा पनि मौलिक विशेषता र चिन्हगत लक्षण कायमै रहने कुरा एलन स्विडउडले व्यक्त गरेका छन् । उसमा देश कालको दृष्टिबाट टाढा भए पनि केही सामाजिक विशेषता मिल्न जान्छ । तेनले प्रजातिलाई छुट्याउने अर्को आधार शारीरिक बनावटअन्तर्गत मान्छेको उचाइ, मोटाइ र आकारप्रकारलाई आधार मानेका छन् । साथै शारीरिक कदको सम्बन्ध वंशानुगत मात्र नभई पौष्टिक भोजन तथा जलवायुसँग पनि सम्बन्धित हुने कुरा बताउँछन् । कुनै सर्जकले आफ्नो कृतिमा वर्ग, जाति, पेसा, मनोवैज्ञानिक स्वर, उसको सांस्कृतिक ऐतिहासिक परम्परा, मान्यता र आदर्श आदिको प्रतिनिधित्व गरेको हुन्छ । कुनै पनि साहित्यिक कृति कुनै समयका प्रजातिको छवि बनेको हुन्छ । "साहित्यले यथार्थवादी दृष्टिकोणलाई कलात्मक रूपमा प्रस्तुत गर्छ (पोखरेल, २०६५, पृ. २१) ।" भन्ने भनाइ टेनको मान्यतासँग सम्बन्धित छ । टेनको मान्यतामा कला वा साहित्यमा समाजको यथार्थ प्रस्तुत गर्ने क्रममा लेखकले समाजमा भएका विविध पक्षसँगै उसको लेखीय प्रजातिगत यथार्थ र त्यसका स्वरूप र प्रवृत्तिको प्रतिबिम्बन गरेको हुन्छ । यसकारण पनि साहित्यको सामाजिक पक्षबाट अध्ययन गर्दा लेखकको प्रजाति र कृतिमा त्यसको प्रतिबिम्बनको विश्लेषण अपेक्षित मानिन्छ ।

### पर्यावरण

कुनै पनि सामाजिक प्राणीमा वातावरणको प्रभाव पर्दछ । वातावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । संसारमा व्यक्ति एक्लै नभै चारैतिर प्रकृति र समाजबाट घेरिएको हुन्छ । व्यक्तिमा समाजको भौगोलिक संरचना, हावापानी र संस्कृतिको प्रत्यक्ष प्रभाव परेको हुन्छ र त्यसको प्रभाव उसको चेतनामा परेको हुन्छ । पर्यावरणले व्यक्तिको जीवनमा विशेष प्रभाव पारेको हुन्छ (गौतम, २०५९, पृ. ३७) । साहत्यकार वा लेखक पनि समाजको कुनै खास व्यक्ति भएको हुनाले यसले लेखकको जीवनलाई पनि विशेष र निर्दिष्ट गति दिइरहेको हुन्छ । तसर्थ मानवीय अस्तितत्व र पर्यावरणका विविध पक्षबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । तेनले साहित्य सिर्जनाको मूल कारण पर्यावरणलाई मान्दै साहित्यमा लेखकले आफू बाँचेको वातावरणलई उतारेको हुन्छ भन्छन् । तेनका मतमा साहित्य कार्य हो भने पर्यावरण साहित्य सिर्जनाको कारण हो । किनभने भौगोलिक संरचना तथा हावापानी अनुकूल भए साहित्यकारले तदनुरूपको प्रभावित मानसिकता कृतिमा अभिव्यक्त गरेको हुन्छ । जसले गर्दा कृतिभित्रको समाजमा सुख, शान्ति, खुशी र हर्षोल्लासको अभिव्यक्ति पाइन्छ । भने प्रतिकूल वातावरणबाट प्रभावित साहित्यकारको कृतिमा दुःख, कष्ट, पीडाको अभिव्यक्ति पाइन्छ । तसर्थ तेनका अनुसार वातावरण भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ (क्षेत्री, २०६४, पृ. २४) । तेनले सामाजिक पात्रमा वातावरणको प्रभाव पर्ने कुरा व्यक्त गर्दै खास गरी पर्यावरण मानिस वा लेखक वरपरको मानसिकता वरपर बस्ने मानिसका विचारबाट बन्दछ भन्ने मत राखेका छन् । आख्यानात्मक कृतिमा कथानकसँगै चरित्र, सार, प्रवृत्ति र परिवेश आख्यानका तत्व हुन् । आख्यानको परिवेशले संस्कृति, इतिहास, समय र भूगोग समेटिएको हुन्छ । कृतिमा कथासँगै मानिसको स्वभावमा वर्षा, शीत, जाडो, गर्मी भोजन, जलवायु आदिले प्रभाव पारेको हुन्छ । यस्तो पर्यावरणगत विविधताले गर्दा मानवीय स्वभाव र संवेगमा समेत भिन्नता देखिने हुँदा साहित्यिक कृतिमा लेखकमा परेको पर्यावरणीय प्रभाव अनुरूप भिन्न किसिमका अनुकूल र प्रतिकूल वातावरणसँग सम्बन्धित साहित्यिक कृतिको रचना हुन्छ भन्ने मान्यता तेनको रहेको छ । साहित्यिक कृति र परिवेशबिचमा तेनले कार्यकारण सम्बन्ध स्थापित गरेको देखिन्छ (पाण्डेय, सन् १९८९, पृ. १२५) । यसरी बाहिरी पर्यावरणले साहित्यकारको मानसिकतामा पार्ने प्रभावको खोजीमा तेनको मान्यता उपयोगी देखिन्छ ।

साहित्यकार बाँचेको समाजको भौगोलिक वातावरणको प्रभाव साहित्यमा रहेको हुन्छ र साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति पर्यावरणलाई विषय मानी विश्लेषण गर्नुपर्ने मत तेनको रहेको छ । “साहित्यले नयाँ समाजको सिर्जनाका लागि प्रयत्नपरक सङ्घर्षलाई कलात्मक रूप दिन्छ ( बराल, २०६९, पृ. ६६) ।” भन्ने कुराले पनि तेनको यस धारणालाई जोड दिन्छ । कलाले जन्मनका लागि कुनै क्षणमा एउटा मानसिक अवस्था प्राप्त गर्दछ । तेन त्यही अवस्थाको सिर्जनाको हेतु पत्ता लगाउन प्रजाति र पर्यावरण जस्ता आधारको अवलम्बन गरी साहित्यिक कृतिको विश्लेषण गर्नुपर्ने धारणा राख्दछन् । यसरी तेनको समाजशास्त्रीय सिद्धान्तअनुसार साहित्यको समाजशास्त्रीय अध्ययनबाट कृतिभित्रको समाजको अध्ययन गर्न सकिन्छ ।

### कथाको सन्दर्भ

रमेश विकलको ‘एउटा बूढो बकैनाको रूख’ कथा (२०२५) सालमा प्रकाशित *एउटा बूढो भ्वाइलिन आशावरीको धुनमा* नामक कथासंग्रहमा प्रकाशित छ । सर्वप्रथम २०१९ सालमा रूपरेखा पत्रिकामा प्रकाशित यस कथामा सामाजिक यथार्थ, आलोचनात्मक यथार्थ र बाल मनोवैज्ञानिक

यथार्थलाई मर्मस्पर्शी ढङ्गमा प्रस्तुत गरिएको छ । यस कथामा वि.सं. १९९७ सालमा घटेको ऐतिहासिक सहिद काण्डको सनसनीपूर्ण र विभत्स घटनालाई बालपात्रका माध्यमबाट संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । बूढो बकैनाको रूखलाई १९९७ सालको सहिद काण्डको घटनालाई कथाकारको स्मृतिपटमा ल्याउने माध्यम बनाइएको छ । कथाकार सानो छँदा निरङ्कुश र क्रूर राणा शासकले क्रान्तिकारी सहिदहरूको प्रतीक युवकलाई त्यही बकैनाको रूखमा झुन्डाएर मृत्युदण्ड दिइएको थियो । आज कथाकारले त्यस रूखलाई इतिहासलाई कलङ्कको कालो टीका लगाइदिने जघन्य अपराध र नेपाली वीर सहिदको साहसिक कार्यको इतिहास बोकेर उभिएको रूखका रूपमा लिएका छन् । यो प्रतीकात्मक शीर्षक दिई संस्मरणात्मक शैलीमा ऐतिहासिक र राजनीतिक सन्दर्भ अनि मानव मानसिकताको मिश्रण गरी लेखिएको उत्कृष्ट कथा हो । विकलले 'यस  कथामा नेपाली ग्रामीण समाजमा प्रचलित सामन्ती सामाजिक आर्थिक समस्या, राजनैतिक विसङ्गति, परिवर्तन, सुधारमा आवश्यकता अनि गरिववर्ग नारीवर्ग र बालबालिकाले भोग्नुपरेका दुःख कष्टलाई समेत विषयवस्तु बनाई त्यस्ता शोषण, अन्याय र दुःख कष्टकर मुक्ति पाउनुपर्ने प्रगतिवादी चेतना झल्काएका छन् । यस लेखमा यही कथालाई जाति र पर्यावरणका कोणबाट विश्लेषण गरिएको छ ।

## 'एउटा बूढो बकैनाको रूख' कथामा प्रजाति

'एउटा बूढो बकैनाको रूख' कथा १९९७ सालको सहिद काण्डको घटनालाई प्रतीकात्मक शीर्षक दिएर लेखिएको कथा हो । तेनका अनुसार साहित्य समाजका प्रजातिहरूको पदचिह्नको आधार हो र समाजका मानव जाति र तिनका प्रजातिबारे बोध गर्नु नै सम्पूर्ण साहित्यिक चिन्तनको मूल लक्ष्य हो । कुनै पनि आख्यानात्मक कृतिमा साहित्यकार वा कथाकारले आफ्नो कल्पना बुद्धि र विवेकद्वारा थपघट गरी सिर्जना गरेको कथानक व्यक्ति नै कथानकको पात्र वा चरित्र हो । आख्यानमा प्रयुक्त चरित्रले कुनै समाजिक वर्ग, जाति, प्रजाति, पेसा, मनोवैज्ञानिक स्तर आदिको प्रतिनिधित्व गरेका हुन्छन् । 'एउटा बूढो बकैनाको रूख' कथामा मुख्य पात्रका रूपमा बुढो बकैनाको रूखको हाँगामा एउटा कलिलो केटालाई झुन्डाइएको देख्दा मानसिक रूपमा आन्दोलित भएको १२ वर्षे किशोर 'म' पात्र, उसका वा, बूढो बकैनाको रूख, झुन्डाइएको युवक प्रमुख पात्रका रूपमा रहेका छन् । आमा, श्याम दाइ, बद्री, माधव, जरसाव (जरसाहेब), ईश्वरी, कव भाइचा आदि पनि गौण भूमिका निर्वाह गर्ने पात्रका रूपमा उपस्थित भएका छन् ।

### *नेपाली महाजाति*

कथामा बकैनाको रूखमा भुन्डाइएर मृत्युदण्ड दिइएको युवक (सहिद धर्मभक्त माथेमा) विप्लव बनेर अगि सर्दा मातृभूमिका लागि जीवन बलिदान गर्न नहिचकिचाउने नेपाली महाजातिका रूपमा प्रस्तुत भएको छ । उनी नेपाली भूमिमा बसोबास गर्ने प्रत्यक्ष रूपमा नाम थर उल्लेख नभए पनि माथेमा थरको नेपाली जाति प्रजातिका रूपमा रहेको छ । युवकको व्यक्तिगत पेसा व्यवसाय कथामा प्रस्तुत भएको छैन । उनको पेसा कथामा पर्चा पम्प्लेट बाँडेर जनतालाई चेतनशील बनाउने र निरंकुश सत्ताबाट राष्ट्रलाई मुक्ति दिलाउने रहेको छ । यसबाट समाजसेवा र राजनीति उसको पेसा हो भन्ने थाहा हुन्छ ।

कथाको म पात्र प्रत्यक्ष पात्र भए पनि कथाभरि पाठकलाई आकर्षित गर्ने पात्र बकैनाको रूखमा झुन्डाएर राणाशासकहरूद्वारा हत्या गरिएको मृतक युवक हो । युवक प्रजातन्त्र विरोधी बर्बरतापूर्ण, अनुदार, निरङ्कुश शासन र त्यसका पक्षपातीको विरोधमा क्रान्ति गर्न र सहिद बन्न तयार भएको अनि सशक्त र लौह मानसिकता बोकेको नेपाली महाजातिको प्रतिनिधित्व गर्ने पात्र हो । निरङ्कुश शासनको जन्जिरमा बाँधिएकी नेपाल आमाको मुक्तिका लागि बलिदान हुने युवकको महाजातिलाई कथामा यसरी चित्रण गरिएको छ :

> "त्यो त जति कुट, जति कोर्रा ख्वाउ न, पटक्क डग्ने हो र ! झन् पो 'तेरो शक्ति भए सम्म गर् के गर्छस्' भनेर हाका हाक्की जरसा'वलाई मुख लाग्ने । (विकल, २०५९, पृ. ८)

जरसाब अर्थात् जनतालाई आफ्नो मुट्ठीको माखो ठान्ने निरङ्कुश शासकका अगाडि भौतिक शरीरको भन्दा नेपाली जातिको स्वतन्त्रता महान् मान्ने युवक कथामा नेपाली महाजातिका रूपमा प्रस्तुत भएको छ । म पात्र कथाको प्रत्यक्ष पात्र भए पनि कथाभरि पाठकलाई आकर्षित गर्ने पात्र बकैनाको रूखमा झुन्डाइएर राणाशासकहरूद्वारा हत्या गरिएको मृतक युवक हो । यस कथाको आन्तरिक रूपमा केन्द्रीय पात्र रहेको युवक व्यक्तिगत जीवनलाई वास्ता नगरी राणा शासन विरुद्धको आन्दोलनमा होमिएर सहिद भएको पुरुष जाति हो । इतिहासदेखि वीर नेपाली जातिको पहिचानलाई युवकले आफ्नै माटोमा पुष्टि गराएको छ । राष्ट्रका लागि जीवनको आहुति दिई इतिहास रचेको युवकलाई कथाकारले यसरी चिनाएका छन् :

> डोरीद्वारा त्यसै हाँगामा झुलिरहेको एउटा साह्रै सुकुमार केटोको लास ! यसै हँगामा त्यो केटो झुन्ड्याएर मारिएको थियो, यसै हाँगाले उसको अमर इतिहासलाई बोकेको थियो ।" (विकल, २०५९, पृ. १) ।

मनस्थितिलाई कोलाहल बनाएको माथिको हृदयविदारक घटना हेर्ने उत्सुकता बोकेको म पात्र जब समूहमा घटनास्थल पुग्छ, त्यतिबेला उसले देखेको युवकको शारीरिक बनोटलाई कथाकारले यसरी वर्णन गरेका छन् :

> यही रुखको हाँगामा एउटा सत्र–अठार वर्षको देख्तै रहरलाग्दो केटो झुन्डिरहेको थियो ।....तर पनि उसको बनोट परेको मुहुडा, बान्की परेका नाक, मुख, निधार, चिउँडो अनि ढालिएको झैं जीउडाल...उसको सुकुमार व्यक्तिङ्क्व ज्यादै सुन्दर, सुशील हुँदो हो भन्ने कुराको अड्कल गर्न सकिन्थ्यो । (विकल, २०५९,पृ. ३)

माथिको साक्ष्यले मृतक युवकको आम मानिसले पनि सहजै अनुमान गर्न सक्ने सुकुमार व्यक्तित्वलाई पुष्टि गरेको छ । लाउँला खाउँला भन्ने उमेरमा राष्ट्रिय कर्तव्यलाई जीवनको उद्देश्य बनाएको युवकको चरित्र बलिदानीपूर्ण रहेको छ । म पात्रले सपनामा मृतक युवकलाई विप्लव अर्थात् क्रान्ति र आफ्नै मीतका रूपमा पाउँछ । वास्तवमा युवक क्रान्तिकारी विप्लव हो । माफी मागे छोडिदिन्छु भन्ने जरसावको जीवनदानलाई पनि तुच्छ ठानी राष्ट्र र राष्ट्रवासीका लागि कुनै पनि हालतमा शिर नझुकाउने दृढता व्यक्त गर्दै युवकले तेरो "शक्ति भएसम्म गर् के गर्छस" (विकल, २०५९, पृ. ८) । भनी हाँसीहाँसी प्राणोत्सर्ग गर्न तयार भएको उच्च मानसिकता देखाएको छ । सत्ताको अन्धताले गर्दा राणा शासकहरू कसरी अमानवीय र अन्ध बनेका थिए धन्ने कुराको प्रमाण यस कथामा रहेको

पाइन्छ । तसर्थ युवक सम्पूर्ण नेपालीमा रहेको राणाशासनविरूद्ध विद्रोह वा क्रान्ति गर्ने चाहनाको प्रतीकका रूपमा आएको छ । कथाकारले युवकका निम्ति प्रयोग गरेको नातासम्बन्ध, उसको साङ्केतिक नामकरण, राष्ट्रिय कर्तव्यप्रति देखाएको जिम्मेवारी आदिका आधारमा युवक पुरुष वर्ग, काठमाडौंमा बसोबास गर्ने नेपाली महान् जातिको प्रतिनिधित्व गर्ने पात्र हो भन्ने प्रमाणित हुन्छ ।

***नेपाली सांस्कृतिक प्रजाति***

म पात्र (१२ वर्षे) कथाको समाख्याताको रूपमा रहेको छ । ऊ कथामा वर्णित राणाको चाकडी गर्ने बाको उत्तराधिकारीका रूपमा प्रस्तुत भएको छ । ऊ रूखमा मान्छे झुन्ड्याइएको कुराले उत्सुकता र आतङ्कको खुलदुली, आजीवन बिर्सन नसकिने गरी गम्भीर पीडाको प्रभावकारी छापले घायल भएको बालपात्र हो । म पात्र जिज्ञासु केटाकेटी हो भन्ने कुरालाई खुलस्त पार्न यो साक्ष्यले सहयोग गरेको छ । "चुप लाग् छुसी !" बाले एकदम दबेको तर..."“केटाकेटी भएर यस्ता चाहिँदानचाहिँदा कुरा गर्ने..."( विकल, २०५९ : ७) प्रस्तुत साक्ष्यले म पात्र परिवारको छोरो भएको पुष्टि गरेको छ ।

उसलाई सत्र अठार वर्षको सुकुमार रहरलाग्दो झुन्डाएको केटाले के विराम गऱ्यो होला भनी मानसिक द्वन्द्व परी भात रूच्दैन । आफ्नो आशङ्कालाई मेट्न "आमा त्यो केटालाई किन रूखमा झुन्डाएको हँ ?... त्यो के आमा, असाद्धै राम्रो छ... त्यसले के बद्मासी गऱ्यो होला र आमा ? " ( विकल, २०५९,पृ. ४) भनी प्रश्न सोध्छ । स्वभावैले बालक जिज्ञासु हुन्छन् । त्रासद घटनाले उनीहरूलाई मानसिक द्वन्द्वको भुमरीमा पारिदिई विचलित पार्छ, आफ्ना जिज्ञासा उनीहरू सहजै आफ्नी आमालाई भन्न सक्छन् तर बुबालाई सहजरूपमा भन्न सक्दैनन् भन्ने तथ्यले म पात्रलाई नेपाली पारिवारिक संस्कारमा हुर्केको पात्रका रूपमा चिनाएको छ । म पात्र क्रान्तिकारीप्रति सहृदयी छ । उसकै वर्णनले क्रान्तिकारी युवकको व्यक्तित्वलाई निरन्तर चम्काइरहन्छ ।

म पात्रको आर्य संस्कृतियुक्त प्रजाति र परिचयलाई प्रत्यक्ष रूपमा खुलस्त पार्न यो साक्ष्यले सहयोग गरको छ । "त्यसताका माघ महिना वाग्मती नुहाएर 'माधवनारान्' कराउँदै आउने हाम्रो चलन थियो (विकल, २०५९,पृ. १) ।" कथाको सुरूदेखि अन्त्यसम्म उसका मनमा अनेक जिज्ञासा मनोद्वन्द्व भए पनि अन्त्यमा आफ्नो पुर्ख्यौली राणाको चाकडी गर्ने पेशालाई अँगाल्ने चाकडी संस्कारमा हुर्किएको नेपाली प्रजातिका रूपमा कथाकारले म पात्रलाई यसरी चित्रित गरेका छन् : "मेरो मीतको लासले मेरो संसारीपना–विभिन्न परिस्थितिका जर'साबहरूलाई रिझाउन सक्ने मेरो बुद्धिको चमत्कारमाथि त्यस चमत्कारद्वारा आर्जेको मान र जागिर माथि हाँसेझैँ लाग्छ (विकल, २०५९,पृ. ९) ।" यहाँ म पात्र सहिदको बलिदानी कार्यप्रति नतमस्तक भई आफू चेतनशील भएर पनि भई पुर्ख्योली पेशा चाकडीमा हिँडी जागिर खाएकोले आत्मग्लानी भएको बौद्धिक नेपाली प्रजातिका रूपमा प्रस्तुत भएको छ ।

यसरी बाल्यकालीन त्रासद् स्मृतिलाई प्रस्तुत गरेको म पात्र मठ मन्दिर धाउने, बुवाका अगाडि मनका उत्सुकतालाई सहजै व्यक्त गर्न नसक्ने, तत्कालीन क्रूर शासकको परिणामबाट त्रसित बनेको, पुर्ख्यौली पेसालाई अपनाउने, आर्य संस्कारमा हुर्केको ब्राह्मण प्रजातिको पुरुष पात्र हो ।

म पात्रको बा कथामा राणाहरूको चाकडी गर्ने परम्परामा लिप्त नेपाली प्रजातिअन्तर्गत पर्दछन् । उनी म पात्रका बुवा हुन् भन्ने कुरालाई निम्न साक्ष्यले पुष्टि गरको छ । "बाले एकदम दबेको तर..."“केटाकेटी भएर यस्ता चाहिँदा नचाहिँदा कुरा गर्ने...(विकल, २०५९, पृ. ७) ।" जागिर, गासबास

तथा आर्थिक समस्याले राणाहरूकै चाकडी गर्ने र तिनका विरूद्धमा सास काढ्न पनि काम्ने, डरपोक र निरीह मानसिकतामा बाँचेको शोषित तत्कालीन नेपाली जातिको प्रतिनिधित्व म पात्रका बुबाले गरेका छन् । "चुप लाग छुसी !.... राजकाजको कुरा किन चासो चाहियो यस्तो कुराको ?... जिब्रो थुत्लान् चपु लागेर वस (विकल, २०५९, पृ. ७)" भनेर जिज्ञासु छोराका उत्सुकता र जिज्ञासालाई शान्त पार्नुको साटो चाकडीवाज, डरपोक र पितृसत्तात्मक हैकमवादी चरित्रलाई देखाएका छन् । उनको नुवाइ धुवाइ, पूजापाठ सकेर भान्सामा जाने क्रियाकलापले नेपाली ब्राह्मण प्रजातिको संस्कारलाई सङ्केत गरेको छ । त्यस्तै सन्तानले आफूलाई लागेका जिज्ञासालाई सहजरूपमा आफ्ना बुबालाई मन्न नसक्ने, आमामार्फत् राख्नुपर्ने र बुबाको मार्ग निर्देशलाई उलङ्घन गर्न नहुने पर्यावरण देखाएर पितृसत्तात्मक पारिवारिक सत्ता भएको नेपाली जातिलाई देखाइएको छ । "मेरा बा भित्र जरसाबको भान्सामा हुनुहुन्थ्यो । पच्चीस वर्षको अविराम निमकको सोझोपछि हाल जरसाब बादेखि खूब खुसी थिए (विकल, २०५९, पृ. ५) ।" भन्ने साक्ष्यले बाको परम्परागत चाकडीयुक्त चरित्रलाई प्रष्ट पारेको छ । पच्चीस वर्षदेखि राणाको चाकडी गर्दै आएको म पात्रको बाले म पात्रलाई पनि खुरूखुरू पढ्नु, इलम गर्नू भनेर जीवनको लक्ष्य नै चाकडी गर्ने हुनु पर्छ भन्ने दास मानसिकताको मार्ग देखाउँछ । यसरी म पात्रको बुबा पुरूष जातिको, चाकडी गर्ने प्रथालाई जीवनको अभिन्न अङ्ग मान्ने, ब्रह्मण संस्कार भएको नेपाली आर्य प्रजातिका रूपमा चिनिएको छ ।

म पात्रकी आमा तत्कालीन समाजमा घरगृहस्थी चलाउने नेपाली हिन्दू नारीहरूको प्रतिनिधित्व गर्ने नारी पात्र हुन् । घरगृहस्थीदेखि बाहिरको संसार नबुझेकी म पात्रकी आमा सन्तानको मनोभावना, मनको विषादको कुहिरोलाई उसको मुखमण्डलबाट सजिलै छुट्याउन सक्ने क्षमता भएकी ममताकी खानी हुन् । पति, सन्तान र घरगृहस्थीको सेवामा यिनले आफूलाई डुबाइराखेकी छन्, जस्तै -

> घरमा आमा भान्सा कुरिरहनुभएको थियो । म गएर भात खान बसेँ, .... फेरि त्यही तर्कना.... सुत चुप लागेर । आमाले आधी हप्काएको र आधी सम्झाएको स्वरमा भन्नुभयो र मलाई संसारका सम्पूर्ण अनिष्टदेखि रक्षा गर्ने हेतुले आफ्नो छातीमा टाँस्नुभयो (विकल, २०५९, पृ. ४–६) ।

प्रस्तुत साक्ष्यले म पात्रकी आमा घर गृहस्थी चलाउने सन्तान र परिवारलाई हरेक अनिष्टबाट बचाउन तयार रहने नेपाली ब्रह्माण प्रजातिकी महिला हुन् भन्ने पुष्टि हुन्छ । उनको छोराले बाग्मती नुहाएर माधवनारान कराउँदै आउने गरेको विषय र पतिले पूजापाठ सकेर मात्र भान्सामा जाने प्रचलनबाट पनि उनी हिन्दू आर्य समाजकी संस्कृतिमा हुर्केकी, पतिलाई परमेश्वर ठान्ने स्वभाव र चरित्र भएकी हिन्दू नारीहरूको विशेषता बोकेकी नारी पात्र भएको पनि स्पष्ट हुन्छ ।

कथाको गौण पात्र तर कथामा घटित घटनाको सनसनीपूर्ण घटनाका सूत्राधारका रूपमा जरसाब पात्र आएको छ । जरसाब तत्कालीन समयमा जनतालाई आफ्नो मुठीको माखो ठान्ने निरङ्कुश शासन व्यवस्थाका रक्षक जातिका रूपमा प्रस्तुत भएको निम्न साक्ष्यले पुष्टि गरेको छ :

> अरू त तै जरसाबको एकै हप्कीमा लुत्रुक्क पर्थे...."माफ माग, छोडिदिन्छु" भन्ने विचरा जरसावबाट निगाह नभएको त कहाँ हो र (विकल २०५९, पृ. ८) ? म पात्रका बाले बताएको जरसाबको व्यवहार, शासन व्यवस्था, नामाकरण आदिले उनी पुरूष जातका राणा प्रजातिका

निरङ्कुश शासन गर्ने नेपाली शासक हुन् भन्ने प्रमाणित गर्दछ । जनतालाई आफ्नो चाकडीमा भुलाई एकछत्र शासन गर्न रूचाउने जरसाबको चरित्रलाई यस साक्ष्यले पनि पुष्टि गरेको छ । "जरसावसँग माफी मागेको भए, जरसावसँग मुख नलागेको भए त हुने नि, हगि बा (विकल २०५९, पृ. ८) ? यस कथामा वर्णित भौगोलिक स्थान, अन्य गौण पात्र श्यामदाइ, बद्री र ईश्वरी, कवै भाइचा आदि पात्र पनि हिन्दू आर्य संस्कारलाई मान्ने पुरूष जातका पात्र हुन् भन्ने कुरालाई कथाका निम्न साक्ष्यले पुष्टि गरेको छ । "त्यस दिन पनि माघ महिना हुनाले हामीहरू सबेरै उठेर वाग्मती गयौं । त्यहाँ न्वाइध्वाइ सकेर माधव नारान कराउँदै गुहेश्वरी, पशुपति घुमघाम गर्‍यो (विकल, २०५९,पृ. २) ।

यसप्रकार 'एउटा बूढो बकैनाको रूख' कथामा आर्य संस्कृतिमा हुर्किएको म पात्र, उसको चाकडी परम्पराको जीवनयापन गरेको बुबा, घर गृहस्थीलाई संसार ठान्ने आमा, माघमा माधवनारान कराउँदै हिड्ने कथाका अन्य गौण पात्र र देश र जनताका लागि ज्यानको आहुति दिन नहिच्किचाउने युवकको बानी, बोली, क्रियाकलाप हेराइ, देश, धर्म सभ्यता, चरित्र, स्वभाव आदिका साथै पारिवारिक सामाजिक स्तरको सम्बन्ध र नाता घनिष्ठता, पारिवारिक र सामाजिक संस्कार लैङ्गिक पहिचान र मानसिक स्तर पेशा, भाषा, पुस्ता पुस्ता बिचको सम्बन्धबाट पनि प्रजाति पहिचान गर्न सकिन्छ । यसरी आख्यानका प्रयुक्त पात्रको जाति र प्रजातिको पहिचानबाट कथामा व्यक्त समाजको अध्ययन गरी आर्य संस्कृतिको प्रभावमा रहेको नेपाली सांस्कृतिक प्रजातिको चित्रण यस कथामा भएको स्पष्ट हुन्छ ।

## 'एउटा बूढो बकैनाको रूख' कथामा पर्यावरण

'एउटा बूढो बकैनाको रूख' कथा राणाशासन विरूद्धको आन्दोलनकालीन नेपालको सामाजिक, राजनीतिक, मानसिक तथा संस्कारगत पर्यावरण स्पष्ट रूपमा अङ्कन भएको कथा हो । यस कथाको मूल कार्यस्थल काठमाडौँको पशुपतिक्षेत्र नजिकैको सिफल वरपरको क्षेत्र हो । कथामा जुन स्थान र समयमा चरित्रका माध्यमबाट काम हुनका लागि उपयुक्त मानिएको कार्य पीठिका छ त्यसलाई पर्यावरण भनी बुझ्न सकिन्छ । तेनले बाहिरी पर्यावरणले मान्छेको मानसिकतालाई प्रभाव पार्दछ भन्ने मान्यता अघि सारेका छन् । साहित्यकार बाँचेको भौगोलिक सांस्कृतिक, सामाजिक, राजनैतिक, वातावरणको प्रभाव साहित्यमा परेको हुन्छ तसर्थ कृतिमा चित्रित पर्यावरणको अध्ययनबाट उक्त कृतिमा अभिव्यक्त गरिएको समाजको सांस्कृतिक आर्थिक, शैक्षिक, भौगोलिक आदि विविध स्वरूप बारे थाहा पाउन सकिन्छ भन्ने तेनको मान्यता छ । तेनको सिद्धान्तअनुसार वातावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । वि.सं. १९९७ सालको माघ १४ गतेको घटित सहिद काण्डलाई मुख्य घटनाका रूपमा संस्करणात्मक शैलीमा लेखिएको यस कथाको पर्यावरण भौगोलिक सामाजिक, संस्कारगत, राजनीतिक एवं मानसिक गरी चार तहमा राखेर विश्लेषण गर्नु उचित देखिन्छ ।

कथामा अभिव्यक्त भएको भौगोलिक पर्यावरणमा वाग्मती, गुहेश्वरी, पशुपति, मुख्य घटना स्थल सिफलको सेरोफेरो, म पात्रको घरको सेरोफोरो आदि दृश्य रहेका छन् "त्यहाँ न्वाइध्वाइ सकेर माधवनारान कराउँदै गुहेश्वरी, पशुपति घुमघाम गर्‍यौँ । घुमघाम सकेर त्यहाँ निर के आइपुगेका थियौँ अकस्मात् कुनै भयानक घटनाको पूर्वाभास भएझैँ हामी सबैको मनमा एउटा के के किसिमको असजिलो पनाको अनुभूति जाग्यो (विकल, २०५९, पृ. २) । कथाको कथानक स्रोत ऐतिहासिक सामाजिक यथार्थ हो । यस कथामा शासक वर्गले राजद्रोह आरोपित युवकले माफी नमागी फाँसी नै चढ्न तयार हुने

राष्ट्रभक्त नेपालीको आन्तरिक स्वतन्त्रताप्रेमी पर्यावरणको चित्रण छ । भौगोलिक, प्राकृतिक र भौतिक पर्यावरणको अध्ययन विश्लेषणबाट कथामा अभिव्यक्त समाज र तिनको जीवन पद्धति बुझ्न सकिन्छ । तत्कालीन निरङ्कुश सत्ताले सिर्जना गरेका प्रजातन्त्रविरोधी, दमनकारी गतिविधि, तत्कालीन समयले सिर्जना गरेको समस्यासँग नेपाली सपूतले सङ्घर्ष गर्नु परेको बाध्यात्मक परिस्थितिलाई कथामा पर्यावरणका रूपमा आएको छ । निरङ्कुश सत्ताको अन्त्यका लागि पर्चा, पम्पलेट छरेको आरोपमा थुनामा परेको युवकले राणा शासकले दिएको यातनाका विरूद्ध आवाज उठाउँदै तेरो शक्ति भएसम्म गर, के गर्छस् भनी क्रान्तिमा होमिएको जुधारु युवा पर्यावरणलाई सङ्केत गरेको छ ।

### *त्रासद् वातावरण*

कथाको सुरूदेखि नै बकैनाको रूखमा झुन्डाइएको युवकको लाशको दृश्यले जनता आतङ्कित छन् भन्ने यथार्थ पर्यावरणलाई सङ्केत गरेको छ । कसको लास हो ? किन मारिएको हो जस्ता कौतूहल जनमानसमा सिर्जना भए पनि मुख फोरेर तत्कालीन शासन व्यवस्थाका विरुद्ध बोल्न नसक्ने पर्यावरण कथामा चित्रित छ । तत्कालीन समय अनकन्टार जङ्गलजस्तो भएको र शासंकहरू क्रान्तिलाई निमिट्यान्न पारेर निरंकुश तानाशाह राणा तन्त्रको संरक्षण गर्न चाहन्थे । स्वतन्त्रता खोसिएको, बोल्न नसक्ने उकसुमुकुसको तत्कालीन परिस्थितिलाई कथामा यसरी वर्णन गरिएको छ । "त्यहाँ बकैनाको रूखमा मान्छे झुन्डाएको छ रे, हाम्रो डफ्फामा बढो रहस्यमय स्वरमा खासखुस खासखुस सुनिया.... गामगुम गामगुम खासखुसखास खुस त्यो फौज एउटा भुमरीको मुस्लोमा परेको पत्करको थुप्रोझै खलबलिएको देखियो (विकल, २०५९, पृ. २) ।" यस कथाको समाख्याताले स्मृतिमा घटित घटनालाई मुख्य कथ्य विषय बनाएको यस कथाको सामाजिक पर्यावरण १९९७ साल वरपरको नेपाली सामाजिक पर्यावरण हो । म पात्रले युवकलाई झुन्डाइएको विषयमा जिज्ञासा जागृत भई सोधपुछ गर्दा र क्रान्तिकारीहरूप्रति सद्भावना हुँदाहुँदै पनि राणाहरूको आतङ्कले बोल्न समेत हिचकिचाउनु पर्ने सामाजिक पर्यावरणलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> "कुन बकैनाको रूखमा ? बाले खाउँलाझैं आँखाले मेरो मुखमा हेर्नुभयो । तत्कालै वहाँको अनुहारमा आतङको चिन्ह देखा पऱ्यो । गालाको रगतको रातो रङ फुस्रोमा साटियो .... "चुप लाग छुसी" बाले एकदम दबेको तर बम पड्केझैं स्वरमा मलाई दपेट्नुभयो (विकल, २०५९,पृ. ७) ।"

यसप्रकार शासकविरूद्ध एक शब्द पनि ओकल्नु प्राणको माया मार्नुझैं भएको त्रासद एवं आतङ्कित सामाजिक पर्यावरणको चित्रण कथामा भएको छ ।

### *निरङ्कुश युगीन सन्दर्भ*

कथामा सांसारिक सुख भोग र सुरक्षित जीवनयापनका लागि शासकको चाकडीमा जीवन गुजार्नपर्ने परिस्थतिलाई प्रस्तुत गरिएको छ । तत्कालीन शासकले युवकलाई मृत्युदण्ड दिएपछि जनतामा भयको भावना जागृत होस र कुनै पनि व्यक्ति राज्यसत्ता उल्टाउने कार्यमा नलागून् भनी युवकलाई बाटोकै छेउमा झुन्डाइएको हो । जसले गर्दा उकुसमसुक युक्त सन्त्रासमय सामाजिक पर्यावरण कथामा प्रस्तुत भएको छ । २५ वर्षदेखि जरसावको चाकडी गर्दै आएको म पात्रको बाले म पात्रले विप्लवलाई

झुन्डाउनुको कारण सोध्दा आएको जवाफमा रहेको तलको भनाइले तत्कालीन शासकको आततायी मानसिकतालाई स्पष्ट पारेको छ :

> केटाकेटी भएर यस्ता चाहिँदा नचाहिँदा कुरा गर्ने..... । खुरुखुरु पढ्नु, इलम गर्नु । ठूलो भएपछि जरसावको चाकडीमा जानु । अनि पो सान पाइन्छ । जागिर पाइन्छ (विकल, २०५९, पृ. ७) ।"

माथिको उाहरणले तत्कालीन समयको चाकडी र चाप्लुसी अनि जनतामा निहित रहेको दास मानसिकतालाई प्रस्तुत गरेको छ । खुरुखुरु पढेपछि जरसावकै चाकरी गर्नुपर्ने कुराले दास मनोवृत्तिले घेरिएको सामाजिक पर्यावरण प्रस्तुत भएको छ । यहाँ बाका खाउँलाझै आँखा र अनुहारमा चाकडीबाज छाया र उनको पेसालाई पुर्ख्यौली पेसाका रूपमा अँगालेको बौद्धिक पात्र मका माध्यमबाट छुसीझैं बाँचेको नेपाली समाज र जनतालाई थर्कमान बनाएर बसेको तानाशाही शासन व्यवस्थाको सामाजिक पर्यावरणलाई चित्रण गरेको छ ।

प्रस्तुत कथामा नेपाली समाजमा प्रचलित संस्करागत पर्यावरण पनि सूक्ष्म रूपमा चित्रित भएको छ । नेपाली आर्य संस्कृतिलाई झल्काउने पर्यावरण कथामा यसरी प्रस्तुत भएको छ :

> "हामी केटाकेटी नै थियौ । त्यसताका माघ महिनामा वाग्मती नुहाएर माधवनारान" कराउँदै आउने हाम्रो प्रचलन थियो । त्यस दिन पनि माघ कै महिना हुनाले हामीहरू सबेरै उठेर वागमती गयौं । त्यहाँ न्वाइध्वाइ सकेर माधव नारान कराउँदै गुहेश्वरी, पशुपति, घुमघाम गऱ्यौं (विकल, २०५९, पृ. २) ।"

यसरी कथामा चित्रित रहेको भौतिक वा भौगोलक वातावरणले तत्कालीन अवस्थामा रहेका काडमाडौँका विभिन्न स्थानलाई जनाएको भए पनि यस्ता स्थानहरू विशेष गरी तत्कालीन ऐतिहासिक घटनाको साक्ष्य र तिनको सङ्केतक बनेका छन् । हिन्दू धर्म मान्ने नेपाली समाजले आराध्यदेव पशुपतिको प्रदक्षिणा गर्दै माधवनारान् कराउने संस्कार र त्यस संस्कारको निरन्तरतामा नेपाली समाजका सबै जात बाहुन, क्षेत्री, नेवार, आदि संलग्न रहेको नेपाली जातीय विविधता युक्त सामाजिक सांस्कृतिक पर्यावरणलाई कथामा प्रस्तुत गरिए पनि मूलतः बकैनाको रूख र त्यससँग सम्बन्धित त्रासद् अवस्थालाई यहाँ चित्रण गरिएको छ । यसमा रहेको अर्को पक्ष भनेको तत्कालीन शासकीय वृत्ति र त्यसका आधारमा निर्मित सामाजिक चेतनाको वातावरण नै हो । शासकीय दवदवा र त्यसका आधारमा निर्मित सामाजिक चेतनाका कारण समाजको वातावरण त्रासद् बन्न पुगेको र यसबाट शासकको स्तुति गर्ने वातारण निर्माण भएको हुनाले त्यसको विरोध गर्दा हुने परिणामलाई पनि यहाँ चित्रण गरिएको स्पष्ट हुन्छ ।

**निष्कर्ष**

'एउटा बूढो बकैनाको रूख' कथामा देशका लागि बलिदान जीवन बलिदान गर्न तयार हुने नेपाली महाजातिको स्वभाव र कार्यको चित्रण भएको छ । यसले नेपाली मात्रको जुझारु स्वभाव र स्वदेश र विदेशका लागि उसले प्रदर्शन गरेको निडरता र वीरतालाई स्पष्ट पारेको छ । नेपालभित्र बसोबास गर्ने विभिन्न पेसा र संस्कार भएका नेपाली प्रजातिमध्ये आर्यसंस्कृतिको प्रभावमा रहेको आर्ययुक्त नेपाली प्रजातिको चित्रण यहाँ भएको छ । ऐतिहासिक रूपमा घटेको तत्कालीन भयप्रद घटना र त्यसैको पृष्ठपोषण गर्ने भययुक्त भौतिक पक्ष, स्थानिक नाम र तत्कालीन घटनाको दसी प्रमाणका

रूपमा रहेका स्थानले यहाँ वातावरणको चित्रण यहाँ भएको र यसले तत्कालीन अवस्थाको सामाजिक वातावरणको सङ्केत गरेको छ । निरङ्कुश, प्रजातन्त्रविरोधी शासन भएको राणाकालीन युगीन सन्दर्भ यस कथामा प्रस्तुत भएको छ । तत्कालीन अवस्थाको राणा शासकको शासकीय रवाफ र त्यसका कारण त्रासद् बन्न पुगेको वातावरणमार्फत तत्कालीन समयको शासकको स्तुति गर्ने सामाजिक तया राजनीतिक वातावरण र त्यसको विरोधमा लाग्दा प्राप्त परिणामको चित्रण गरिएको स्पष्ट हुन्छ । अतः ऐतिहासिक घटनामा आधारित कथ्यका माध्यमबाट यस कथामा नेपाली महाजातिगत महानता र त्यागसँगै नेपाली प्रजातिगत संरचना अनि तत्कालीन भययुक्त सामाजिक वातावरण तथा शासकीय स्तुति अपेक्षा गर्ने शासनसत्ताको सशक्त चित्रण देखा परेको छ ।

## सन्दर्भ सामग्री सूची


क्षेत्री, उदय (२०६४), *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका अख्यानात्मक कृतिहरूको अध्ययन* ( अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रि.वि., मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

गौतम, कृष्ण (२०५९) *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* दोस्रो संस्क. साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग - २, तृतीय संस्करण, साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९) *कथा सिद्धान्त,* एकता प्रकाशन ।

पाण्डेय, मेनेजर (सन् १९८९) *साहित्य के समाजशास्त्र की भूमिका,* हरियाणा साहित्य एकादमी ।

पोखेल, बद्रीविशाल (२०६५) *प्रगतिवादी कविता : सिद्धान्त र प्रवृत्ति,* मिथिला पोखरेल ।

विकल, रमेश (२०५९), *एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा,* चौथो संस्करण, साझा प्रकाशन ।

Guerard, Albert (1935). *Literature and Society*. Lothrop Lee and Shepard Company